# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, पुस १ गते २०४८ साल (अतिरिक्ताङ्क ५७


## भाग ४

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारबाट भएको निर्णय बमोजिमको निम्नलिखित मर्यादाक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

मर्यादाक्रम

१. श्री ५ महाराजाधिराज
२. श्री ५ बडामहारानी
३. श्री ५ युवराजाधिराज
४. श्री ५ युवराज्ञी
५. श्री ५ मुमा बडामहारानी । श्री ५ जिज्यू मुमा बडामहारानी
६. श्री ५ नवयुवराज
७. श्री ५ नवयुवराज्ञी
८. श्री ५ अधिराजकुमार तथा श्री ५ अधिराजकुमारी
९. श्री ५ शाहज्यादा तथा श्री ५ शाहज्यादी
१०. प्रधानमन्त्री
११. प्रधान न्यायाधीश


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1026

१२. सभामुख, प्रतिनिधि सभा
१३. अध्यक्ष, राष्ट्रिय सभा
१४. सभापति, राजपरिषद् स्थायी समिति
१५. उप-प्रधानमन्त्री
१६. मन्त्री
१७. प्रतिनिधि सभाका विपक्षी दलको नेता
१८. भू. पू. प्रधानमन्त्री
१९. उप-सभामुख, प्रतिनिधि सभा
२०. उपाध्यक्ष, राष्ट्रिय सभा
२१. राज्यमन्त्री
२२. सदस्य, राजपरिषद् स्थायी समिति
२३. उपाध्यक्ष, राष्ट्रिय योजना आयोग
२४. विदेशी राजदूत
२५. कुलपति, राजकीय प्रज्ञाप्रतिष्ठान
२६. सर्वोच्च अदालतका न्यायाधीश
२७. सहायक मन्त्री
२८. प्रतिनिधि सभाका विभिन्न समितिका सभापति र उप-सभापति
२९. सदस्य, प्रतिनिधि सभा
३०. सदस्य, राष्ट्रिय सभा
३१. सदस्य, न्याय परिषद्
३२. अतिरथी
३३. प्रधान सेनापति
३४. सदस्य, राष्ट्रिय योजना आयोग
३५. प्रमुख आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, अध्यक्ष, लोक सेवा आयोग, प्रमुख निर्वाचन आयुक्त, महान्यायाधिवक्ता
३६. प्रमुख राजदरबार पदाधिकारी
३७. राजपरिषद्का अन्य सदस्यहरू, बडा गुरुज्यू समेत (पदेन सदस्य बाहेक)
३८. त्रिभुवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान र नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानका उप-कुलपतिहरू
३९. गभर्नर, नेपाल राष्ट्र बैङ्क



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
कानून किताब व्यवस्था समिति
१०२८

४०. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र निर्वाचन आयोगका आयुक्त । सदस्यहरू

४१. प्रमुख राजदरबार समारोह प्रबन्धक

४२. उप-प्रमुख राजदरबार पदाधिकारी

४३. उप-प्रमुख राजदरबार समारोह प्रबन्धक

४४. श्री ५ का प्रमुख सचिवहरू, श्री ५ को सरकारको मुख्य सचिव

४५. महासचिव, संसद सचिवालय

४६. महारथी

४७. रथी

४८. श्री ५ का सचिव, श्री ५ को सरकारको सचिव, संवैधानिक निकायका सचिवहरू

४९. श्री ५ को सरकारका विशिष्ट श्रेणीका निजामती कर्मचारी र सो सरहका अन्य कर्मचारीहरू

५०. प्रहरी महानिरीक्षक

५१. उपरथी

५२. कार्यवाहक विदेशी राजदूत

५३. विदेशी मिशनको प्रमुख

५४. श्री ५ का अतिरिक्त सचिव, श्री ५ को सरकारका अतिरिक्त सचिव र सो सरहका अन्य कर्मचारीहरू

५५. प्रहरी अतिरिक्त महानिरीक्षक

५६. विश्वविद्यालयका शिक्षाध्यक्ष र रजिष्टार

५७. श्री ५ का सह-सचिव, श्री ५ को सरकारका सह-सचिव र सो सरहका अन्य कर्मचारीहरू

५८. विदेशी काउन्सीलर

५९. सहायक रथी

६०. प्रहरी नायब महानिरीक्षक

६१. महासेनानी

६२. शाही नेपाली महावाणिज्यदूत

६३. वरिष्ठ प्रहरी उपरीक्षक

६४. श्री ५ का उप-सचिव, श्री ५ को सरकारका उप-सचिव र सो सरहका अन्य कर्मचारीहरू

६५. विदेशी राजदूतावासका प्रथम सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६. विदेशी सैनिक सहचारी
६७. प्रमुख सेनानी
६८. प्रहरी उपरीक्षक
६९. श्री ५ का सहायक सचिव, श्री ५ को सरकारका सहायक सचिव र सो सरहका अन्य कर्मचारीहरू
७०. विदेशी राजदूतावासका द्वितीय सचिव
७१. सेनानी
७२. प्रहरी नायब उपरीक्षक
७३. सह-सेनानी
७४. श्री ५ का शाखा अधिकृत, श्री ५ को सरकारका शाखा अधिकृत र सो सरहका अन्य कर्मचारीहरू
७५. विदेशी राजदूतावासका वाणिज्यदूत
७६. उप-सेनानी
७७. प्रहरी निरीक्षक
७८. सहायक सेनानी
७९. विदेशी दूतावासका उप-वाणिज्यदूत

स्पष्टिकरणः–

१. श्री ५ अधिराजकुमारी वा श्री ५ शाहज्यादीका श्रीमान् तथा अन्य पदाधिकारी-हरूको श्रीमान्। श्रीमती पदाधिकारीहरूको क्रम अनुसार रहनु हुने।

२. आफू राजदूत भएको मुलुकसम्बन्धी सरकारी बैठक तथा अन्य विदेशी राजदूत सम्मिलित भएको समारोहमा शाही नेपाली राजदूतको विदेशी राजदूत सरहको मर्यादाक्रम रहने तर अन्य अवस्थामा नेपालमा रहँदा श्री ५ को सरकारको सेवामा रहेको पदाधिकार अनुसारको मर्यादाक्रम हुने र पदाधिकार नरहेका शाही नेपाली राजदूतको मर्यादाक्रम श्री ५ को सरकारका विशिष्ट श्रेणीका कर्मचारी सरह हुने।

३. उही क्रम र पदहरूमा रहेका व्यक्तिहरूको मर्यादाक्रम जेष्ठताको आधारमा हुने।

४. माथि उल्लेख नभएका महानुभावहरूलाई कुनै सरकारी निकायले सम्मिलित गराउनु पर्ने अवस्था परेमा सो निकायले गृह र परराष्ट्र मन्त्रालयसंग सम्पर्क राखी कुन क्रममा राख्ने हो तोक्ने र यसको जानकारी गृह, परराष्ट्र मन्त्रालय र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रिपरिषद् सचिवालयलाई दिने साथै, शाही नातेदार, साहेबज्यू, चौतरिया र राजदरबारसंग सम्बन्धित अन्य पदाधिकारीका सम्बन्धमा श्री ५ महाराजाधिराज-का प्रमुख सचिवालयसंग सम्पर्क राखी मर्यादाक्रम तोक्ने र सम्बन्धित सबैलाई सो को जानकारी दिने ।

५. स्वशासित संस्था, गैरसरकारी संस्था र व्यक्ति विशेषले आयोजना गर्ने समारोहमा आफ्नो सुविधा अनुसार मर्यादाक्रम तोक्न सक्ने ।

खण्ड २५ मिति २०३२।६।८ अतिरिक्ताङ्क ४३ (क) र खण्ड ३७ संख्या १ मिति २०४४।१।७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित मर्यादाक्रमसम्बन्धी सूचनाहरू खारेज गरिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9084

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।